# ७ येशू, पवित्र आत्मा र प्रार्थना

यस अध्यायको निम्ति पढ्नुहोस्ः लूका २ः२५-३२, यूहन्ना १६ः५-७, लूका २३ः४६, लूका ११ः१-४, मत्ती ७ः२१-२३, लूका ११ः९-१३। स्मरण गर्नुपर्ने पदः “सुन मैले तिमीहरूलाई जे भन्न गइरहेको छुः माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, घचघच्याउ तिमीहरूको निम्ति ढोका उघारिने छ। माग्ने प्रत्येकलाई उपलव्ध गराइनेछ। जसले खोज्छ त्यसले भेट्टाउनेछ। र जसले ढकढक्याउँछ तिनीहरूको निम्ति ढोका उघारिदिनेछ।" (लूका ११ः९,१० रूपान्तरित)।

प्रथम तीन सुसमाचारका लेखकहरूमा (मत्ती, मर्कूस र लूका) लूकाले येशू र पवित्र आत्माको बीचको सम्बन्धलाई अत्यधिक मात्रामा सम्बोधन गरेको पाइन्छ। मत्तीले १२ पल्ट पवित्र आत्माको बारेमा उल्लेख गरेका छन् छन् भने मर्कूसले केवल छ पल्ट। तर लूकाले आफ्नो सुसमाचारको पुस्तकमा १७ पल्ट उल्लेख गरेका छन् भने प्रेरितको पुस्तकमा ५७ पल्ट। येशूको मानविय जन्मको सुरूदेखि उहाँको पुनरुत्थान् पछि चेलाहरूलाई सुसमाचार सुनाउन दिएको आदेशसम्म येशू र पवित्र आत्माको बीचमा भएको गाढा सम्बन्धलाई लूकाले अत्यन्त महत्त्वपूर्णमानेर हेरेका छन्। हाम्रो मुक्तिदाताको सेवाकार्य बुझ्न त्यो सम्बन्ध जान्नु अत्यावश्यक छ। येशूको जीवनमा प्रार्थना, जीवन र उहाँको सेवाकार्यको महत्त्वलाई पनि लूकाले नियालेर हेरेको पाइन्छ। उहाँ पूर्णरूपमा परमेश्वर हुनुहुन्थ्यो, परमेश्वर र पवित्र आत्माको बराबरीमा उहाँ हुनुहुन्थ्यो। त्यस मानवधारी येशूले हाम्रो निम्ति प्रार्थनाको अनुकरणीय उदाहरण छोडेर जानुभएको छ।

यदि येशूले प्रार्थनाको आवश्यकतालाई देख्नुभयो भने हामीलाई त झन कति आवश्यक छ सो बुझ्नु जरुरी छ।

“चनाखो भएर प्रार्थनामा लागिरहेनौं भने हामी हेलचक्राइँमा पर्नसक्छौं र ठीक बाटोबाट अलमलिने खतरामा पर्न सक्छौं।

परमेश्वरको कृपाआशनमा हामी नजाओस् भने हामीहरूको सत्रु सैतानले निरन्तररूपमा प्रयास गरिरहेको हुन्छ। प्रार्थना र विश्वासबाट ढकेलीदिने प्रलोभनहरूसँग मुकाबिला गर्न हामीले अनुग्रह र बल नपाओस् भनेर सैतानले हामीहरूलाई बाधअड्चनहरू ल्याइरहेको हुन्छ।"-एलेन जी ह्वाइट, स्टेपस् टु क्राइस्ट, पृ. ९५बाट रूपान्तरित।

## १ येशू र पवित्र आत्मा (लूका १:३५,३६)

लूका यहूदी जातका थिएनन्। यहूदीहरूको निम्ति उनी म्लेच्छ वा अन्य जाति थिए। प्रेरित पावलको प्रचारप्रसार गर्ने कामको दौरानमा यात्रा गर्दा उनी पनि संलघ्न थिए। लूकाले अत्यन्त होशियारसाथ येशूको जीवन कहानी लेखेका थिए। येशूको जन्मदेखि स्वर्गमा जानुभएसम्म र सुसमाचार प्रचार र चर्चको स्थापनाका लेखाहरू उनले लेखेका थिए। त्यस समयअवधीलाई पवित्र आत्माको अगुवाईमा परमेश्वरको आश्चर्य भइरहेको लूकाले देखेका थिए। येशूको जीवनमा सम्पूर्ण त्री-एक परमेश्वर हामीहरूको मुक्तिको निम्ति सक्रिए भएको हामी देख्छौं (लूका ३:२१,२२)। येशूको कार्यकालभरी र येशूका चेलाहरूले गरेका काममा पवित्र आत्माको सक्रियतालाई लूकाले जोडदार उल्लेख गरेका थिए।

येशू मानव अवतार लिएर आउनुहुँदा पवित्र आत्माको सहभागिता कस्तो थियो भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्ः लूका १:३५,४१ "स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ।..४१ जब एलीशिबाले मरियमको अभिवादन सुनिन् तब तिनको गर्भमा बालक उफ्र्यो, र एलीशिबा पवित्र आत्माले भरिपूर्ण भइन्।" र लूका २:२५-३२ "यरूशलेममा शिमियोन नाउँ भएका एक जना मानिस थिए। उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन थिए, र पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो। २६ "परमप्रभुका ख्रीष्टलाई नदेखेसम्म तिमी मर्नेछैनौ" भन्ने प्रकाश उनले पवित्र आत्माबाट पाएका थिए। २७ उनी पवित्र आत्माको प्रेरणामा मन्दिरभित्र आए। जब आमा-बुबाले बालक येशूलाई उहाँको निम्ति

व्यवस्थाअनुसारको विधि गर्नलाई मन्दिरभित्र ल्याए, २८ तब उनले उहाँलाई आफ्नो काखमा लिए, र परमेश्वरलाई धन्यवाद दिएर भने,

**२९ "अब हे परमप्रभु, आफ्नो वचनअनुसार**
**तपाईंले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस्।**
**३० किनकि मेरा आँखाले तपाईंको उद्धार देखेका छन्,**
**३१ जो तपाईंले सबै मानिसहरूका सामुन्ने तयार पार्नुभएको छ,**
**३२ अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति**
**र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति।"**

पवित्र आत्माको अगुवाइमा येशूको सेवाकार्य भएको थियो भनेर धेरै उदाहरणहरू छन्। लूकाको अनुसार बप्तिस्मा दिने यूहन्नाले पानीबाट बप्तिस्मा दिनेछन् भने येशूले पवित्र आत्माबाट बप्तिस्मा दिनुहुनेछन् भनेर यूहन्नाले भविष्यवाणी गरेका थिए (लूका ३:१६)। येशूको बप्तिस्माको समयमा उहाँ हाम्रो मुक्तिदाता हुनुहुनेछ भनेर दुवै परमेश्वर पिता र पवित्र आत्माले अनुमोदन गरेका थिए। मानिसहरूलाई उद्धार गर्न अर्थात् पापबाट मुक्ति दिलाउन ख्रीष्ट उहाँको प्रिय पुत्र हुन् भनेर परमेश्वर पिताले आकाशबाट घोषणा गर्नुभएको थियो। त्यसैबेला पवित्र आत्मा ढुक्कुरको रूपमा येशूकहाँ बसेका थिए (लूका ३:२१,२२)। त्यहाँदेखि येशू पवित्र आत्माले भरिनुभएको थियो (लूका ४:१ रूपान्तरित)। त्यसबेला मरुभूमिमा सैतानसँग सामना गर्न उहाँ तयार हुनुभएको थियो। पवित्र आत्मा उहाँमा आउनुभएपछि उहाँको सेवाकार्य सुरु गर्न तयार भएको थियो (लूका ४:१४)।

यशैयाको पुस्तकबाट भविष्यवाणीको उदृध गरेर येशूले आफू मसीह हुँ भनेर ठोकुवा गर्दै मानिसहरूको सामु प्रवचन सुरू गर्नुभएको थियो। उहाँको त्यस बचनबाट मानिसहरूको ध्यान उहाँमा केन्द्रित भएको थियो। उहाँले भन्नुभएको थियो "परमेश्वरको आत्मा ममाथी छ।" (लूका ४:१८)। पवित्र आत्मा येशूसँग सधैं थिए र उनी नै उहाँको बलशक्ति थिए। जब येशू स्वर्गमा उत्रनुभयो तब उहाँका चेलाहरूको माझमा पवित्र आत्मा थिए (यूहन्ना १६:५-७)। त्यतिमात्र होइन जसले पवित्र आत्माको बरदान माग्छ त्यसलाई परमेश्वरले

दिनुहुनेछ भनेर येशूले बाचा गर्नुभएको थियो (लूका ११:१३)। जुन् पवित्र आत्माले परमेश्वर पिता र येशूसँग उहाँको लक्ष्य पूरा गर्न सम्बन्ध गाँसिदिनुभयो त्यही पवित्र आत्मा चेलाहरूको विश्वासको यात्रामा बल पुऱ्याउनुभएको थियो। त्यसकारण इसाई जीवनमा पवित्र आत्माको अगुवाइ अत्यन्त महत्त्वपूर्ण छ। त्यसैकारण पवित्र आत्माको बिरोधमा निन्दा गर्नु सबै पापभन्दा अत्यन्त गम्भिर पाप हो भनेर येशूले औंल्याउनुभएको थियो (लूका १२:१०)।

**पवित्र आत्माको अगुवाइलाई हामीले पाउन कुन् बुद्धि र उपयोगी तरिकाहरू अपनाउनुपर्छ, सोच्नुहोस्? दैनिक जीवनमा हामी जे निर्णय गरेर काम गर्छौं त्यो पवित्र आत्मालाई वेवास्ता गर्दै उहाँको आवाजलाई मधुरो बनाउन जान नदिन हामी कसरी सतर्क हुने?**

## २. येशूको प्रार्थनामय जीवन (लूका ३:२१)

येशूले धेरै पल्ट प्रार्थना गर्नुभएको थियो। ती प्रार्थनाहरूमा केही प्रार्थनाहरू केवल लूकाले मात्र आफ्नो सुसमाचारको पुस्तकमा उल्लेख गरेका छन्। येशूको निर्णायक घडिमा प्रार्थना गर्नुभएक देहायका समयहरूलाई हेर्नुहोस्:

**अ. आफ्नो बप्तिस्माको समयमा उहाँले प्रार्थना गर्नुभएको थियो** (लूका ३:२१) । "येशूको निम्ति नयाँ र अत्यन्त महत्त्वपूर्ण घडि उहाँको सामु खोलिएको थियो। उहाँले आफ्नो जीवनको संघर्षमा अब पस्दै हुनुहुन्थ्यो।"- एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. १११बाट रूपान्तरित। सार्वजनिक रूपमा आफ्नो महत्त्वपूर्ण काम प्रार्थनाबिना सुरू गर्न उहाँले आँट गर्नुभएको थिएन। उहाँलाई यो थाहा थियो कि उहाँको सेवाकार्यले उहाँलाई क्रुसमा पुऱ्याउनेछ।

**आ. आफ्ना १२ जना चेलाहरूलाई नियुक्त गर्नुभन्दा पहिले उहाँले प्रार्थना गर्नुभएको थियो** (लूका ६:१२,१३) कुनै पनि अगुवाले आफ्नो अनुयायीलाई जथाभावी चुन्दैन। तर येशूले केवल उहाँका चेलाहरू वा उहाँका अनुयायीहरूलाई मात्र चुन्नुभएको थिएन। तर उहाँलाई पूरारूपमा बुझ्न र उहाँको लक्ष्यमा पूर्णरूपमा साथ दिन उहाँले तिनीहरूलाई चुन्नुभएको थियो। "चेलाहरूको नियुक्ति र तिनीहरूको पद

मानव जगतमा अत्यन्त महत्त्वपूर्ण थियो जुन पहिला कहिल्यै पनि भएको थिएन। येशूका चेलाहरू र तिनीहरूको काम येशू आफैपछि दोस्रो स्थानमा थिए।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २९१बाट रूपान्तरित।

**इ. उहाँले आफ्ना चेलाहरूको निम्ति प्रार्थना गर्नुभयो (लूका ९:१८)।** असली तथा अनुशासीत येशूभक्त हुन उहाँमाथि पूर्णरूपमा विश्वास गर्नुपर्छ र उहाँ को हुनुहुन्छ भनेर उहाँलाई चिन्न र बुझ्न अत्यन्त आवश्यकता छ। बाऱ्ह जना चेलाहरूले आफू को हुन् भनेर जानुन् भनेर येशूले रातभरि प्रार्थना गर्नुभएको थियो। त्यसपछि उहाँले ती चेलाहरूलाई यस महत्त्वपूर्ण प्रश्न सोधेर तिनीहरूको मन खोतल्नुभएको थियो "तिमीहरूले मलाई के भन्छौं? (लूका ९:२० रूपान्तरित)।

**ई. पहाडमा आफ्नो रुप परिवर्तेन हुनुभन्दा अघि येशूले प्रार्थना गर्नुभएको थियो (लूका ९:२८-३६)।** येशूले स्वर्गबाट उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर दोस्रो पटक त्यस पहाडमा अनुमोदन पाउनुभएको थियो जुन् पहाडमा उहाँको रूप परिवर्तन भएर मोशा र एलियासँग बातचित गर्नुभएको थियो। त्यहाँ केही चेलाहरू त्यसको प्रत्यक्षदर्शी थिए। निसन्देह, परमेश्वर पिता र पुत्रको बीचमा भएको गाढा सम्बन्धमा कसैले पनि हल्लाउन सक्दैनथ्यो। यद्यपि, त्यस पहाडमा जानुभन्दा अघि येशूले चेलाहरू, विशेष गरेर यूहन्ना, पत्रुस र याकूबको निम्ति प्रार्थना गर्नुभएको थियो जसले गर्दा पत्रुसले यो ठोकुवा गरेर लेख्न आँट आयो "किनकि हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिँदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं। १७ उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु।" २ पत्रुस १:१६-१७।

उ. येशूले गेतसमनीको बगैचामा प्रार्थना गर्नुभएको थियो (लूका २२:१९-४६)। **मुक्तिको योजनाको इतिहासमा येशूले गेतसमनीको बगैचामा गर्नुभएको प्रार्थना शायद सबभन्दा बढी महत्त्वपूर्ण प्रार्थना थियो**

होला। यहाँ मुक्तिदाताले स्वर्ग र पृथ्वी दुवैको सम्बन्ध नजिकै गाँस्नुभएको थियो। त्यसो गर्दा येशूले तिन महत्त्वपूर्ण नीतिहरूलाई स्थापना गर्नुभएको पाउँछौँः परमेश्वरको चाहना र लक्ष्य के हो त्यसको गरिमाको प्रदर्शन, रगत बगाएर मृत्युको सामना गर्नुपरेतापनि परमेश्वरको सदिच्छाको पालन गर्न जरुरी, र परमेश्वरको इच्छा पालन गर्दा आउने प्रत्येक पिडा, परिक्षा व प्रलोभनको सामना गर्न चाहिने बल पाउँछ भन्ने आश्वासनमा भर पर्न सकिन्छ भन्ने उहाँको अनुकरणीय उदाहरणको प्रस्तुति।

ऊ. आफ्नो जीवन परमेश्वरको हातमा सुम्पन येशूले प्रार्थना गर्नुभएको थियो (लूका २३:४८)। **प्रार्थनाको महत्त्वपूर्ण मूल लक्ष्य येशूले क्रुसमा अन्तिम शब्दहरू उच्चारण गर्नुहुँदा खुलासा गर्नुभएको थियो। क्रुसको पिडामा पनि उहाँले यसरी प्रार्थना गर्नुभयो "पिता, मेरो प्राण तपाईंको हातमा सुम्पन्छु।" चाहे जन्मेको बेलामा वा मर्ने बेलामा, शत्रुहरूको सामने वा मित्रहरूको सामने, सुतेको बेलामा वा बिउँझिरहेको बेलामा नै किन नहोस्, परमेश्वरसँगको सम्बन्ध प्रार्थनाद्वारा स्थायित्व कायम गरि नै राख्नुपर्छ।**

येशूको जीवनको ती अनुकरणीय उदाहरणहरूले तपाईंको प्रार्थनाको जीवनलाई कसरी उघार्न सकेको छ?

## ३. प्रार्थना गर्ने तरिकाको नमुनाः भाग १ (लूका ११:१-४)

प्रार्थनाले कस्तो काम गर्न सक्छ भनेर लूका ११:१-४ले हामीलाई कसरी बताउँछ? हेर्नुहोस्: "१ उहाँ कुनै एक ठाउँमा प्रार्थना गरिरहनुभएको थियो। उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैं हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्।" २ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले प्रार्थना गर्दा यसो भन, " 'हे पिता, तपाईंको नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस्। ३ हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्। ४ हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्, किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं। हामीलाई परीक्षामा नलैजानुहोस्'।"

परमेश्वर "पिता" हुनुहुन्छ भनेर बुझाउने ख्रीष्टको मन पर्ने चाहना हो। सुसमाचारको चार पुस्तकहरूमा परमेश्वरलाई "पिता" भनेर गरेको सम्बोधन कमसेकम १७० पल्ट गरिएको पाइन्छ। परमेश्वरलाई हामीहरूको पिता भनेर सम्बोधन गर्दा उहाँ व्यक्ति विशेष परमेश्वर हुनुहुन्छ भनेर स्वीकार्छौं र उहाँ मानिसहरूसँग मानविय सम्बन्ध राख्दा रमाइलो मान्नुहुन्छ भनेर पनि हामीलाई सिकाउँछ। संसारमा मायालु मानविय पिता जस्तै परमेश्वर पनि काल्पनिक नभएर वास्तविक, व्यक्तिगत, प्रेमिलो हुनुहुन्छ र हामीहरूको हेरचाह गर्न चाहनुहुन्छ। तर उहाँ स्वर्गमा रहनुभएको पिता हो। उहाँ हामीहरूको मानवीय पिता भन्दा फरक हुनुहुन्छ। उहाँ सर्वशक्तिमान, सर्बव्यापी, सबैतिर नजर भएको र सिद्धरूपमा पवित्र हुनुहुन्छ।

"स्वर्गमा रहनुहुने पिता" भनेर परमेश्वरलाई सम्बोधन गर्दा उहाँ पवित्र र व्यक्तिगत हुनुहुन्छ र इसाई आस्था कुनै मनगढन्ते धारणा वा सबै थोकमा हुने मानव निर्मित भगवान हो भनेर स्वीकार गर्दैन।

"तपाईंको नाउँ पवित्र गरियोस्" (लूका ११:२)ले परमेश्वर पवित्र हुनुहुन्छ भनेर हामीलाई सम्झाइ राख्छ। जो मानिस प्रभुको पछि लागेको छु भनेर दावी गर्छ त्यसले उहाँको नाउँलाई आफ्नो वचन र कामद्वारा पवित्र राख्नै पर्छ। उहाँलाई पछ्याउँछु भन्दछ, उहाँको भक्त हुँ भन्दछ तर अझै पनि उहाँको सट्टा आफूलाई प्रतिविम्ब गरेर पापको चलखेलमा रहन चाहनेले उहाँको नाउँको बेइज्जत गर्छ। उहाँको नाउँलाई कसरी पवित्र राख्ने भनेर मत्ती ७:२१-२३ले अझ यसरी स्पष्ट पार्दछ "'मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। २२ त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' २३ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।'

"तपाईंको राज्य आओस्" (लूका ११:२)। सुसमाचारका पुस्तकहरूमा परमेश्वरको राज्यको बारेमा सय पल्ट भन्दा बेसी उल्लेख

गरिएका छन्: कमसेकम चालिस पल्ट लूकाको पुस्तकमा, मत्तीमा झण्डै पचास पल्ट, मर्कुसले १६ पल्ट र यूहन्नाले ३ पल्ट। यस संसारमा परमेश्वरको अनुग्रहको राज्य र स्वर्गको तेजस्वीपय वैभव राज्य मनगढन्ते नभएर वास्तविक नै हुन् भनेर देखाउन येशू आउनुभएको थियो। तर कोही मानिस पहिलो राज्यमा नपसी दोस्रो राज्यमा नपस्न सक्छ। त्यसकारण उहाँका चेलाहरूले अनुग्रहको राज्यको पहिले अनुभव गरोस् र स्वर्गको राज्यकोलागि पनि अपेक्षा गरोस् भन्ने मुक्तिदाताको चाहना थियो।

"स्वर्गमा जस्तै यस संसारमा पनि तपाईंको इच्छा पूरा होस्" (लूका ११:२ रूपान्तरित)। परमेश्वरको इच्छा वा नीति स्वर्गमा कदर गरिएको थियो र मानेको थियो। येशूलाई त्यो तथ्यलाई स्वीकार्नुभएको थियो र त्यही स्थिति यस संसारमा पनि आशाको रुपमा परिवर्तन भएर जनमानसमा फैलियोस् भन्ने येशूको चाहना थियो। तर यस संसारमा परमेश्वरको राज्य कुनै राजनैतिक वादमा परिवर्तन हुँदै राजनैतिक उथलपुथलद्वारा नभएर हामी प्रत्येकको हृदयबाट व्यक्तिगत रूपमा सुरू हुन दिनु आवश्यक छ।

तपाईंले प्रभु येशूलाई विश्वास गर्छु भन्ने हुन्छ तर उहाँलाई व्यक्तिगत रूपमा चिन्नुहुन्छ वा उहाँको बारेमा जानकारीमात्रै छ? तपाईंको प्रार्थनाको जीवन कस्तो हुनुपर्छ जसले गर्दा तपाईं उहाँको नजिक नजिक हुन सहयोग गर्छ?

## ४. प्रार्थना गर्ने तरिकाको नमुनाः भाग २ (लूका ११:९-१४)

"हामीहरूलाई चाहिने दैनिक भोजन दिनुहोस्" (लूका ११:१ रूपान्तरित)। "दिनुहोस्" भन्ने शब्दलाई प्रयोग गरेर हामीहरूको प्रभुले हामीहरूलाई सिकाउनुभएको प्रार्थना सुरू हुन्छ। चाहे करोडपति होस् वा चाहे गरिब टुहुरा होस्, त्यस प्रकारको प्रार्थनाले मानिसहरू परमेश्वरमाथि भर पर्नुपर्छ र उहाँमाथिकै भरोसामा हिंड्नुपर्छ भन्ने आभास दिंदछ। हामी सबै उहाँको भरमा हिंडिरहेका छौं। "दिनुहोस्" भन्ने अनुरोधले सबै बरदानहरूको स्रोत परमेश्वर नै हुनुहुन्छ भनेर स्वीकार गर्न कर लगाउँछ। उहाँ स्रस्ता वा सृष्टिकर्ता हुनुहुन्छ। उहाँमा नै हामी जिउँछौं,

चल्छौं र हामीलाई ज्यान दिने उहाँ नै हुनुहुन्छ। "उहाँले नै हामीलाई सृष्टि गर्नुभएको थियो, तर हामीहरूको सृष्टि हामीहरूबाट होइन" (भजन १००:३ रूपान्तरित)।

**परम पिता परमेश्वर नै** हामीहरूको सबै आवश्यकताहरू पूरा गर्नुहुन्छ। त्यस वचनलाई मध्य नजर राखेर लूका ११:९-१३मा के अचम्मको सन्देश लूका ११:९-१३मा पाउनुहुन्छ? हेर्नुहोस्: " "म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ। खोज, त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ। १० किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ। ११ "तिमीहरूमध्ये कुनचाहिँ बुबा होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला? १२ अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला? १३ तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ।"

**लूका ११:४मा प्रार्थना गर्दा "हामीहरूका पापहरूलाई क्षमा गर्नुहोस्" भनेर प्रभुले हामीलाई सिकाउनुभएको छ। क्षमाशीलता सुसमाचारको मुटु हो। परमेश्वरको शदाशयता र क्षमा बिना हामीले मुक्ति पाउँदैनौं: एक पटक तिमीहरू तिमीहरूका पापहरूमा मरेका थियौ...तर अहिलै तिमीहरू येशू ख्रीष्टमा रहेर परमेश्वरले तिमीहरूलाई नयाँ जीवन पाएका छौ। उहाँले हामीहरूका सबै पापहरू क्षमा दिनुहुन्छ" (कलस्सी २:१३)। जसले परमेश्वरको सदाशय तथा क्षमाशीलताको अनुभव गरेको छ उसले पनि उसलाई गलत व्यवहार गर्नेलाई अंकमाल गरेर उसको कमजोरीलाई क्षमा दिनुपर्छ। जसरी हामीलाई जसरी क्षमा दिएको छ त्यसरी नै क्षमा दिनु भन्ने प्रार्थनाको एक मूल विषय हो (कलस्सी ११:४)। तर त्यसको अर्थ यो पनि होइन कि परमेश्वरको क्षमाशीलता अरूलाई हामीले क्षमा दिनेमा भरपर्छ। बरू हामीलाई क्षमा दिएको कारणले परमेश्वरको अनुग्रह पाएर हुर्कँदै गरेको समूहमा हामी**

रहनुपर्छ र हामीहरूले उहाँको प्रेम र क्षमाशीलता अरूलाई देखाउनुपर्छ जसले हामीलाई हानी गरेको छ।

"हामीलाई परीक्षामा नपार्नुहोस् वा प्रलोभनमा नफसाउनुहोस् बरू त्यसबाट हामीलाई उद्धार गर्नुहोस्" (लूका ११:४ रूपान्तरित)। यहाँ दुई मूल कुराहरू उल्लेख गरेको थाहा पाउनुपर्छ। पहिलो त परीक्षा वा प्रलोभन आफै पाप होइन। ग्रीक भाषा प्रयोग गरिएको प्रलोभनमा "**peirasmos** पिरासमोस्" भन्ने शब्द छ। त्यसको अन्तमा नाम "-मोस - **mos**" जोडिएको छ। त्यसको अर्थ प्रक्रिया वा सिलसिला हो तर अन्तिम नतिजा होइन। परीक्षा वा प्रलोभनहरूलाई बाइबलले अन्तिम नतिजा ल्याउने तत्व हो भनेर हेर्दैन। तर कुनै निश्चित नतिजा ल्याउनको निम्ति प्रयोग गरिने प्रक्रिया हो। त्यसकारण परीक्षा वा प्रलोभन आफै पाप होइन तर त्यसमा फसियो भने पाप हुन्छ। दोस्रो, परीक्षा वा प्रलोभनको सुरू परमेश्वर होइन (याकूब १:१३)। तर परीक्षा तथा प्रलोभन आउन परमेश्वरले अनुमति दिन सक्नुहुन्छ। तर हामीलाई पाप गर्न उहाँले कहिल्यैपनि डोऱ्याउनुहुन्न। त्यसकारण त्यस प्रार्थनामा हामीलाई यो पहिचान गर्न सिकाउँछ कि यदि हामी सैतानको धरापमा पर्न अश्वीकार गर्छौं भने त्यसबाट छुटकारा पाउन परमेश्वरले हामीलाई बल दिनुहुन्छ। हामीलाई पापको भुमरीमा नपार्ने शक्ति उहाँमा छ (तर हामीहरूको अनुमतिबिना त्यो शक्ति हामीलाई दिनुहुन्न। यदि हामी पापमै रहन मनपराउँछौं भने उहाँले जबरजस्ती हामीलाई त्यसबाट निकाल्नुहुन्न)।

लूका ११:१-४ दोहोऱ्याएर पढ्नुहोस्। त्यसमा भएका सबै विषयबस्तुलाई सोच्नुहोस्। कुनकुन उपायहरूद्वारा ती विषयवस्तुहरूलाई आत्मसात गरेर आफूलाई आत्मिक क्षेत्रमा समृद्ध बनाउन सक्नुहुन्छ र तपाईंको जीवन प्रार्थनाद्वारा अझ गहिरो आत्मिक जीवनमा प्रवेश गर्न सघाउँछ?

## ५. प्रार्थनाको बारेमा अझ बढि जानकारी (लूका १८:९-१४)

प्रार्थनाको नमूना प्रस्तुत गरिसक्नुभएको लगत्तै येशूले रातमा साथीको घरमा ढकढक्याउन गएको एक जना मानिसको अर्तीकथा आफ्ना चेलाहरूलाई भन्नुभएको थियो (लूका ११:५-१३)। त्यस अर्तीकथामा प्रार्थनाको निम्ति प्रतिवद्ध हुनुपर्छ भनेर येशूले सिकाउनु

भएको थियो। विश्वासीलो, इमान्दार र निरन्तर प्रार्थनाको आवश्यक हामीमा छ भनेर उहाँले खुलाउनुभएको थियो। अनि उहाँको सेवाकार्यको अन्तमा उहाँका चेलाहरूलाई यो सम्झाउनुभएको थियो कि तिनीहरू आआफ्ना पापको निम्ति पश्चाताप गर्नुपर्छ र प्रार्थनाद्वारा कोमल, नम्र हुनुपर्छ (लूका १८:१९-१४)। प्रार्थना भनेको केवल विधि पुऱ्याउने धार्मिक रीति नभएर परमेश्वर पितासँग विश्वाससाथ हिँड्ने, बातचित गर्ने र जीवन यापन गर्ने हो भनेर ती दुवै अर्तीकथाहरूले सिकाउँदछन्।

लूका ११:५-८मा दिएको अर्तीकथा यस प्रकार छः "अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिलेओ, तिमीहरूमध्ये कसैको एक जना मित्र छ। तिनी मध्यरातमा उनीकहाँ गएर भन्दछन्, 'मित्र, मलाई तीन वटा रोटी पैँचो देऊ। ६ किनकि मेरा एक जना साथी यात्राबाट मकहाँ आएका छन्, र तिनलाई खान दिन मसँग केही छैन।' ७ "उनले भित्रबाट जवाफ दिएर भन्छन्, 'मलाई नब्युँझाऊ। ढोका अब बन्द भइसकेको छ, र मेरा केटाकेटीहरू मसँग ओछ्यानमा छन्। म उठेर तपाईंलाई केही दिन सक्दिनँ।' ८ म तिमीहरूलाई भन्दछु, मित्रताको नाताले उनले उठेर तिनलाई केही नदेलान्, तर तिनले खुरन्धार मागिरहेकाले उठेर उनले खाँचो परे जति तिनलाई दिनेछन्।" मानिसहरू प्रार्थना गर्ने कहिल्यै पनि थाक्नुहुन्न र निरन्तररूपमा जोडदार प्रार्थना गरिरहनुपर्छ भनेर येशूले त्यस अर्तीकथा भन्नुभएको थियो। प्रार्थना भनेको परमेश्वरलाई रिझाउने परम्परा रीति भनेर मान्नुहुन्न। त्यसलाई केवल आदतमात्र गराउनुहुन्न। बरू परमेश्वरसँगको सम्बन्धमा उहाँमाथि पूर्णरूपमा भर पर्ने आधारशीलाको रूपमा प्रार्थनालाई प्रयोग गर्नुपर्छ। प्रार्थना प्राणको सास हो। प्रार्थना बिना हामी आत्मिक रूपमा मुर्दा हुन्छौं। आफ्नो छिमेकी साथीले सहयोग गर्न सुरूसुरूमा आनकानी गरेको थियो भनेर येशुले कथा भन्नु भएको थियो। मध्यरातमा साथी आएर आफूलाई आपदमा परेकोले निरन्तरूपमा उसको निम्ति केही रोटीमाग्दा पनि उसको छिमेकी साथीको मन पग्लिएको थिएन। तर मध्य रातै भएपनि केही खानेकुराको निम्ति ढकढक्याउन नरोकेकोले अन्तमा त्यस कठोर मन भएको र झर्को मान्ने छिमेकीले उसलाई रोटी वा आफूसँग भएको खानेकुरा दिएर पठाउँछ। यदि त्यस कठोर मानव हृदय त

**पग्लिन्छ भने प्रार्थनामा तल्लिन हुने उहाँको विश्वासी जनको निम्ति उहाँको मन झन कति खुला हुँदैन र? तर प्रार्थनामय विश्वासीको जीवनले परमेश्वरको मन परिवर्तन हुने भनेको त होइन तर अथक प्रार्थनाले उहाँमाथि हामीहरूको भरोसालाई मजबुत बनाउँछ।**

प्रार्थनाको बारेमा येशूले अत्यन्त गहिरो अर्तीकथा भन्नुभएको छ। त्यस कथाबाट हामीले कस्तो महत्त्वपूर्ण पाठ सिक्नु पर्छ? हेर्नुहोस् लूका १८:९-१४ "आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयो: १० "दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए– एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने। ११ फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गर्‍यो, 'हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो धुर्त, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ। १२ म हप्तामा दुई पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु।' १३ "तर कर उठाउनेचाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!' १४ "म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।"

**आफ्नो असल, परोपकारी, धार्मिक क्रियाकलापको आधारमा परमेश्वरले उसको प्रार्थना सुन्नुहुनेछ भने फरिसी पण्डितले ढुक्क मानेको थियो। तर कर उठाउने सरकारी कर्मचारीले आफ्नो नराम्रो स्वभावलाई परमेश्वरको सामु स्वीकार गरेर उहाँको करुणामा घोप्टो परेको थियो र उहाँको अनुग्रहको आधारमा उसलाई उहाँले स्वीकार गरोस् भनेर आफूलाई सुम्पेको थियो। हामी को हौं, हामी के गर्छौं- त्यसको आधारमा परमेश्वरले हामीलाई स्वीकार्ने होइन बरू उहाँको अनुग्रहको आधारमा मात्रै उहाँले हामीलाई ग्रहण गर्नुहुन्छ। केवल त्यो मानिसमात्र जो सच्चा रूपमा आफ्नो कर्तुत वा खराब चरित्रको लाई पछुताव गर्छ, नम्र हुन्छ र आफ्नो मनलाई छियाछिया बनाउँछ त्यो परमेश्वरको अनुग्रहको भागीदार हुनसक्छ।**

"नम्र, कोमल हृदय र आफू झुक्न तयार हुने शर्तमा मात्र येशूभक्तले सफलताको र आत्मिक जीवनमा विजयी भएको अनुभव गर्न सक्छ। क्रुसको पाऊमा बस्नेको निम्ति महिमा वा सम्मानको मुकुट पर्खिरहेको छ।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंग्स, पृ. ५९०बाट रूपान्तरित।

परमेश्वरलाई नचिन्नेहरू आफूभन्दा कमजोर र नराम्रो मानिसहरूसँग आफूहरू दाँज्न मन पराउँछन्। आफूहरू तिनीहरू जस्तो नराम्रो छैन भनेर आफूले आफूलाई नै स्यावास दिंछन्। परमेश्वरको सामु त्यो किन उचित छैन? हामी भन्दा अरू खराब होस् वा असल होस्, हामीहरूको आत्मिक यात्रामा त्यसको के सरोकार छ?

## उपसंहारः

"परमेश्वरको सहयोगको निम्ति उहाँमा फर्किने, उहाँको भर र बल पाउन दिनदिनै अबिरल रूपमा हृदयदेखि गम्भिर हुँदै प्रार्थना गर्ने येशूभक्तले बढि आदर्श भावनाहरूको अनुभव गर्न सक्छन्, सत्य आत्मज्ञान र आफ्नो कर्तव्यको बारेमा स्पष्ट हुन्छन्, आफ्नो कामको उद्देष्यलाई अझ उच्च बनाउँछन् र ख्रीष्टको सिद्ध र बहुगुणीय चरित्रलाई आफ्नो जीवनमा गाभिन अत्यन्त भोकाउँछन् र तिर्खाउँछन्। परमेश्वरसँग सम्पर्कमा रहिरहँदा हामीहरूको हृदयमा राज गरेको वा सजिएको आत्मज्ञानको ज्योति र शान्ति अरूलाई बाँड्न सक्षम् हुन्छौं। प्रार्थनाले मानिसलाई बल पाउन सहयोग गर्छ। त्यतिमात्र होइन प्रार्थना कसरी सुव्यवस्थित ढँगले गर्ने र प्रार्थना गरिरहेको बेलामा हामीहरूका हृदयका कुराहरूलाई कसरी पोखाउने भनेर हामीहरूको दिमागलाई चाहिने तालिम पनि प्रार्थनाले दिन्छ। प्रार्थनाबाट हुने ती फाइदाहरूबाट दैनिक क्रियाकलापमा तल्लिन हुन र सबै समयमा शान्त स्वभावमा रहन मानिसलाई तयार पार्दछ।"-एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्गस्, पृ. ८५बाट रूपान्तरित।

"परमेश्वरलाई पिता भनेर सम्बोधन गर्दा उहाँका सबै छोराछोरीहरू हामीहरूका दाजुभाई र दिदीबहिनीहरू हुन् भनेर स्वीकार्न पुग्छौं। हामी सबै जना बृहत परिवारका सदस्यहरू हौं। हामीहरूको

प्रार्थनामा हामीहरूमात्र होइन हामीहरूका छरछिमेकीहरूलाई पनि समावेश गर्नुपर्छ। जो मानिस आफूले पाउने आशिषको निम्तिमात्र प्रार्थना गर्छ त्यो प्रार्थनालाई सही रूपमा लिइन्दैन।"-थटस् फ्रम द माउन्ट अभ ब्लेसिङ्गस्, पृ. १०५बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** येशू र पवित्र आत्माका क्रियाकलापहरू केवल आफूले लेखेको सुसमाचारको पुस्तकमा मात्र सिमित थिए भनेर लूकाले लेखका छैनन्। लूकाले लेखेक दोस्रो ठेली अर्थात् प्रेरितको पुस्तकमा प्रारम्भिक इसाई इतिहासलाई बुझाउँछ। इसाई समुदायको जीवनमा पवित्र आत्माको क्रियाकलाप, उहाँको लक्ष्य र उहाँका सेवकहरूको बारेमा उल्लेख गरेको धरै उदाहरणहरू प्रेरितको पुस्तकमा खुलाएका छन्। "माथिबाट आउने शक्तिले सुसज्जित नहुँञ्जेल यरुशलेममा रहनु" भन्ने येशूको आदेश केवल लूकाले मात्र लेखेका छन् (लूका २४:२९)। ती चेलाहरूलाई क्रुसमा टाँगिएको र पुनरुत्थान हुनुभएको मुक्तिदाताको शुभसन्देश सुनाउन जताततै अरू ठाउँहरूमा जानुभन्दा पहिले यरुशलेममा पर्खाएको थियो। येशूले दिनुभएको पवित्र आत्माको प्रतिज्ञालाई दोहोऱ्याएर लूकाले प्रेरितको पुस्तक सुरु गर्छन् र पेन्टिकोस्टको चाडमा त्यो प्रतिज्ञा पूरा भएको पनि उनले उल्लेख गर्छन् (प्रेरित १:७,८ र प्रेरित २)। चर्चको जीवनमा पवित्र आत्माको गरिमामय काम कतिको महत्त्वपूर्ण रहेछ भनेर ती विवरणहरूले हामीलाई कसरी बताउँछन्?

**आ.** परमेश्वरको आवश्यकता र उहाँमाथि भरपर्न गरिने प्रार्थना कति प्रकारका छन् भनि सिकाउँछ? लूका १८:९लाई फेरि पढ्नुहोस्। मानिसहरूको आत्मिक समस्या वा आत्मिक अहँकारितालाई येशूले लूका १८:९-१४मा कसरी भन्डाफोर गर्नुभएको छ?